दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१



वर्ष ३७ | अंक २४६ | बुटवल | २०८२ भदौं १६ गते, सोमबार | नेपाल संवत ११४५ | Monday September 01, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## प्रधानमन्त्री–मोदी भेट

बुटवल । चीन भ्रमणमा रहेका केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबिच भेट भएको छ। उनीहरूबिच तियानजिनमा साइडलाइन भेट भएको हो ।

दुई समकक्षीबिचको भेटको तस्विर मोदीले आफ्नो एक्समार्फत् सार्वजनिक गरेका छन् ।

'तियायानजिनमा नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट्दा खुसी लाग्यो । भारत-नेपालको सम्बन्ध गहिरो र विशेष छ ।'- मोदीले फोटो राख्दै लेखेका छन् ।

मोदीसँगको भेटमा ओली पत्नी राधिका शाक्य पनि सँगै थिइन्। ओली शनिबार चीन भ्रमणमा गएका हुन् । शनिबार नै ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भेट गरेका थिए ।

चिनिया राष्ट्रपति सि चिनफिङको औपचारिक निमन्त्रणामा सांघाई सहयोग सङ्गठन (एससीओ) को २५औं शिखर सम्मेलनमा भाग लिन प्रधानमन्त्री केपी शर्मा ओली नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै चीन गएका हुन् ।

प्रतिनिधिमण्डलमा प्रधानमन्त्री पत्नी राधिका शाक्य, शिक्षा विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, संस्कृति पर्यटन तथा नागरिक उडड्यनमन्त्री बद्रीप्रसाद पाण्डे, प्रधानमन्त्रीका आर्थिक तथा विकास सल्लाहकार डा. युवराज खतिवडा, नेपाली कांग्रेसका उप-सभापति तथा सांसद पूर्णबहादुर खड्का, नेकपा एमालेका सचिव तथा सांसद छविलाल विश्वकर्मा, परराष्ट्र मन्त्रालयका अधिकारीहरू छन् ।

## भारतीय केरा आयात हुँदा नेपाली किसान मर्कामा



**गौरीशंकर जयसवाल**

*परासी*

नेपालमा भारतीय केरा आयात हुँदा नेपाली केरा किसान मर्कामा परेका छन् । भारतबाट आयात हुँदा केरा किसानहरुले केराको मूल्य नपाउँदा मर्कामा परेका हुन् । बजारमा ल्याउने तयारी अवस्थामा केराले बजार नपाउँदा पश्चिम नवलपरासीका केरा किसानहरु चिन्तित भएका छन् । पश्चिम नवलपरासीको सुस्ता र प्रतापपुर गाउँपालिकामा केरा खेतीतर्फ किसानहरु आकर्षित र जीवनयापन गर्दै आएका छन्, तर भरतीय केरा आयात हुँदा यहाँका किसानहरु लगाएको केरा बजार र उचित मूल्य नपाउँदा प्रतापुर ४ का गोपाल ठकुरी चिन्तित भएका छन् । उनले भारतीय केरा आयात हुँदा हामीले उत्पादन गरेको केराले बजार नपाउँदा मार्कामा परेको गुनासो गरे । भारतीय केरा सस्तोमा आयात हुँदा नेपालमा उत्पादन भएको केराले उचित मूल्य र बजार नपाउँदा बोटमै कुहिन थालेको उनले बताए । उनले एक बिगाहामा केरा खेती गरेको, तर बजार, उचित मूल्य नपाएको र गतवर्ष ४० देखि ४५ रुपैयाँ दर्जनमा बिक्री गरेको भए पनि यस वर्ष १० देखि १५ रुपैयाँमा व्यापारीहरु किन्न आएको बताए ।

यस्तै सुस्ता ४ नसही १ बिगाहामा केरा खेती गर्दै आएकी चोकमाया घलेले उत्पादन गरेको केराले बजार नपाउँदा थन्काएर राख्नु परेको बताइन् । बिक्रीको लागि तयार भएको केरा कतै बेच्न सकेको छैन । यहाँ व्यापारीले सस्तो मूल्य मागेपछि लगाएको बोटको र बिक्री गरेर पैसाले मलको पैसा पनि नउठ्ने उनले बताइन् । यहाँ व्यापारीले १० देखि १५ रुपैयाँ दर्जन हिसाबले किन्न आएको उक्त मूल्यमा दिनुभन्दा बोटमै कुहाएको भन्दै भारतीय बजारबाट केरा आउँदा यहाँका किसानहरु मारमा परेको र यसलाई तत्काल सरकारले रोक्नुपर्ने उल्लेख गरिन् ।

» बाँकी ३ पेजमा

### रास्वपाले टुंग्यायो उम्मेदवारः

# रूपन्देही ३ मा लेखजंग थापा उम्मेदवार



**लुम्बिनी संवाददाता**

*बुटवल*

रुपन्देही क्षेत्र नं. ३ को उपनिर्वाचनको लागि ३५ दिने लामो छनोट प्रक्रियापछि उम्मेद्वार टुंगो लगाएको छ । आकांक्षी उम्मेदवारको सूचीमा रहेका न्युरोलोजिस्ट डा. लेखजंग थापालाई आधिकारीक उम्मेदवारको रुपमा घोषणा गरेको छ ।

केन्द्रीय पदाधिकारी समितिको बैठकले थापालाई आधिकारिक उम्मेदवारको रुपमा घोषणा गरेको हो । सिद्धार्थनगर-९, अञ्चलपुरमा जन्मिएका डा. थापा वरिष्ठ न्युरोलोजिस्ट र सामाजिक अभियन्ता हुन् । उनले नेपाली न्युरो साइन्सको विकास र बिरामी उपचारमा १६ वर्षभन्दा लामो समय बिताएका छन् ।

पोखराको मणिपाल कलेज अफ मेडिकल साइन्सेजबाट एमबीबीएस, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट इन्टरनल मेडिसिनमा एमडी र कलेज अफ मेडिकल साइन्सेज चितवनबाट डीएम न्युरोलोजी अध्ययन गरेका डा. थापा अमेरिकाको प्रसिद्ध हार्वर्ड विश्वविद्यालयको 'सेफ्टी क्वालिटी लिडरसिप एण्ड इन्फमेटिभ'का ग्राजुएट्स हुन् ।

अनुसन्धानकर्मी समेत रहेका उनका ८० वटाभन्दा बढी अनुसन्धानात्मक पेपरहरु राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जर्नलहरुमा प्रकाशित छन् ।

नेपाल स्ट्रोक एसोसिएसनका संस्थापक अध्यक्ष समेत रहेका डा. थापाले स्ट्रोकको उपचार, निदान र सचेतनामा भूमिका खेलेका छन् । उनकै टिमको पहलमा बनाइएको राष्ट्रिय स्ट्रोक उपचार व्यवस्थापन प्रोटोकल समेत जारी भएको छ । जसलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले समेत स्वीकृत गरेको छ ।

डा. थापाले आफ्नै पहलमा नेपालका हजारौं चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुलाई 'स्ट्रोक मास्टर क्लास' मार्फत् स्ट्रोकको पहिचान, उपचार र सचेतनासम्बन्धी तालिम दिँदै आएका छन् ।

उनी काठमाडौंको व्यस्त जीवनशैलीलाई छल्दै डेढ दशकयता हप्ताको दुई दिन जन्मभूमि भैरहवा पुगेर बिरामीको सेवा गर्दै आएका छन् ।

मुलुकलाई सुशासनसहितको सामाजिक न्याय, विकास र समृद्धिको बाटोमा लैजाने अठोटका साथ उनी राजनीतिमा होमिएका हुन् ।

## अनलाइन भोटिङमा चलखेलको गुनासो

बुटवल । रास्वपाको प्राइमरी इलेक्सनअन्तर्गत भएको अनलाइन भोटिङप्रति प्रश्न उठेको छ । केही उम्मेदवार आकांक्षीले अनलाइन भोटिङमा धाँधली भएको गुनासो गरेका छन् भने कतिपयले प्राविधिक समस्या भएकाले यसलाई सामान्यरुपमा लिनुपर्ने बताएका छन् ।

उम्मेदवार आकांक्षी पार्थिवेन्द्र उपाध्यायले कतिपय पार्टी सदस्यले भोट हाल्न नपाएको गुनासो आएको, तर यसलाई ठूलो इस्यु बनाउन नहुने बताए ।

'इन्टरनेटको समस्या, स्मार्टफोन नहुँदाको समस्याहरु भए होलान्, त्यसैले कतिपय पार्टी सदस्यले भोट हाल्न नपाएको गुनासो आएको सत्य हो,' उपाध्यायले भने-'तर यसैलाई ठूलो इस्यू बनाउन उचित हुँदैन, कमी कमजोरीबारे पार्टीले पक्कै अध्ययन गर्ला ।'

अर्का आकांक्षीले नाम उल्लेख नगर्न आग्रह गर्दै अनलाइन भोटिङमा चलखेल नै भएको गुनासो आएकाले सत्य के हो भनेर पार्टीले चाह्यो भने हेर्न सक्ने बताए । 'वडाकै पार्टी सभापतिले पनि भोट हाल्न नपाएको गुनासो गरेका थिए, तर पार्टीलाई असर गर्ला भनेर मैले पार्टी नेतृत्वलाई भनिन् ।'-उनले भने । पार्टी सदस्यको आइडी र पासवर्ड दुरुपयोग भएको गुनासो रहेको उनले बताए । रास्वपा रुपन्देही सभापति डा. बुद्धि शर्माले डिजिटल भोटिङको नयाँ प्रयोग गर्दा केही प्राविधिक समस्या भए पनि तिनलाई समाधान गरिएको बताए ।

'केही साथीले पासवर्ड बिर्सेर भोट हाल्न नपाएको गुनासो आएपछि समाधान भएको विषय हो,' शर्माले भने-'कुनै धाँधली वा गलत भएको छैन भन्ने हाम्रो विश्वास छ ।'

उनले यो विषयले आइतबारको उम्मेदवारी घोषणामा असर नपर्ने बताए ।

रास्वपाका ९ जना आकांक्षीबिच बिहीबार बिहान ७ बजेबाट शुक्रबार साँझ ७ बजेसम्म प्रारम्भिक निर्वाचन भएको थियो । जसमा १५९४ मत खसेको थियो । अनलाइन भोटिङमा केन्द्रीय समिति सदस्य बाहेकको २७१६ मतमध्ये १५६७ मत खसेको थियो ।

यस्तै, ६२ जना केन्द्रीय समिति सदस्यहरू मध्येबाट २७ मत खसेको थियो । उम्मेदवार छनोट विधिअन्तर्गत प्राइमरी इलेक्सनमा पाउने मतको अंक भार सबैभन्दा धेरै ५० रहेकाले यसलाई आकांक्षीहरूले महत्वका साथ हेरेका थिए ।

पार्टीले ७ देखि २१ साउनसम्म उम्मेदवार बन्न आवदेन माग गरेकोमा ९ जना छनोट भएका थिए । जसमा पार्टी केन्द्रीय सदस्य कुसुम महर्जन, रुपन्देही ३ का क्षेत्रीय सभापति मधु अर्याल, अमेरिकाबाट हालै मात्र फर्किएका बुटवल सेमलारका सुलभ खरेल, पार्थिवेन्द्र उपाध्याय, डा. लेखजंग थापा, ज्ञानु पौडेल, कोटहीमाईका जीतबहादुर गुप्ता, रचना क्षेत्री र पुनमकुमारी अग्रवाल छन् । कुसुम, मधु, सुलभ र जितबहादुरबाहेक ५ जना भैरहवाका हुन् ।

» बाँकी ३ पेजमा

## अध्यक्ष प्रचण्डद्वारा टंकमणिको शालिक अनावरण



बुटवल । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले सहिद स्मृति प्रतिष्ठान रुपन्देहीका संस्थापक अध्यक्ष स्वर्गीय रामप्रसाद बञ्जाडे 'टंकमणि' को शालिक अनावरण गरेका छन् । आइतबार प्रतिष्ठानको बुटवलस्थित कार्यालय परिसरमा अर्धकदको शालिक अनावरण गरिएको हो । सो अवसरमा "टंकमणि स् एक क्रान्तिबीज" पुस्तकको विमोचन पनि गरिएको थियो ।

सो अवसरमा अध्यक्ष प्रचण्डले जनयुद्ध सफल बनाउन टंकमणीको तत्कालीन सप्लाइ विभागको योगदान महत्वपूर्ण रहेको स्मरण गरे ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बुटवलमा नेपाली कांग्रेस र माओवादीबिचको गठबन्धन कायमै रहेको दाबी गरेका छन् । आइतबार बुटवलस्थित सहिद स्मृति प्रतिष्ठानमा आयोजित एक समारोहमा प्रचण्डले गठबन्धनको निरन्तरतासँगै बुटवल उप-महानगरपालिकाले माओवादीको भवन निर्माणमा सहकार्य गरेको बताए ।

सहिदको योगदानलाई दीर्घकालीनरूपमा संस्थागत गर्न पार्क निर्माण गर्नुपर्ने सुझाव दिँदै प्रचण्डले त्यसका लागि केन्द्र सरकारबाट आवश्यक पहल गर्ने प्रतिबद्धता जनाए ।

प्रचण्डले कार्यक्रमकै क्रममा माओवादी नेता स्वर्गीय रामप्रसाद बञ्जाडे 'टंकमणि'को सालिक अनावरण गर्दै 'टंकमणि : एक क्रान्तिबिज' नामक पुस्तकको विमोचनसमेत गरे । उनले टंकमणिलाई जोखिमपूर्ण परिस्थितिमा पनि नेतृत्व लिन सक्ने क्रान्तिकारी योद्धाका रूपमा स्मरण गरे ।

प्रचण्डले जनयुद्धको समयमा जोखिमपूर्ण जिम्मेवारी बहन गरेर काम गर्ने टंकमणि साहसी योद्धा भएको उल्लेख गरे । बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेले टंकमणि माओवादी मात्र नभई समग्र समाजका नेता भएको बताए । उनले उपमहानगर सबै पक्षलाई समेटेर अघि बढिरहेको र परिवर्तनका लागि लडेका योद्धाहरूको सम्मानमा उपमहानगरले कदर गरेको जिकिर गरे ।

पाण्डेले आफूहरू कांग्रेस-माओवादी गठबन्धनबाट निर्वाचित भएकाले केन्द्रमा गठबन्धन भत्किए पनि पालिकामा गठबन्धनको मर्मअनुसार काम गरिरहेको स्पष्ट पारे ।

कार्यक्रममा पार्टीका उप-महासचिव वर्षमान पुन, सचिव तथा लुम्बिनी प्रदेश इञ्चार्ज चक्रपाणि खनाल, पूर्वसभामुख ओनसरी घर्ती, पूर्वमन्त्री रेखा शर्मा, लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री कुलप्रसाद केसी, जोखबहादुर महरा, प्रदेश अध्यक्ष सुदर्शन बराललगायतका नेता-कार्यकर्ताको उपस्थिति थियो । स्व टंकमणिको २०७८ मंसिर ८ गते सवारी दुर्घटनामा निधन भएको थियो ।




## सम्पादकीय

# मुलुकको सार्वभौमसत्ताप्रति अडान

प्रधानमन्त्री केपी शर्मा ओलीले चिनियाँ राष्ट्रपति सी चिनफिङसँग भारत र चीनबिच गत अगस्ट १५ मा नेपाली भूमि लिपुलेक हुँदै गरिने व्यापार सम्झौताप्रति आपत्ति जनाउँदै नेपालको स्पष्ट धारणा राखेका छन् । नेपाली भूमि लिपुलेक हुँदै सडक विस्तार गर्ने भारतीय योजनाप्रति नेपालले असहमति राख्दै आएको छ । नेपाली भूमि हुँदै हुने व्यापार सम्झौताप्रति प्रधानमन्त्री ओलीले आपत्ति जनाएर नेपालको सार्वभौमसत्ता र स्वाधीनताप्रति प्रष्ट अडान अपेक्षित थियो, जुन उनले व्यवहारमै देखाए ।

सांघाई सहयोग संगठन (एससीओ) शिखर सम्मेलन २०२५ को सन्दर्भमा भएको भेटमा ओलीले लिपुलेकलाई नेपालको 'अभिन्न अंग' बताए । १८१६ को सुगौली सन्धिपछि लिपुलेक नेपालको भएको तथ्य र प्रमाण भए पनि भारतले दाबी गर्दै आएको यो भूमिबाट भारतीय हस्तक्षेप हटाउन अर्को छिमेकीको सहयोग अपेक्षित छ। उत्तरको छिमेकी चीनले नेपालको सहमति र जानकारी विना भारतसँग लिपुलेकको बाटो हुँदै व्यापार सम्झौता गर्नु निन्दनीय विषय थियो । नेपालको आपत्ति र असहमति ओलीले प्रष्ट पारेर चीनको सहयोग र साथ खोजेको प्रष्ट पारेका छन् । प्रधानमन्त्री ओली सार्वभौमसत्ता र स्वाधीनताको मुद्दामा खरो र प्रष्ट देखिँदै आएका छन् । २०७२ सालमा भारतले नाकाबन्दी गरेपछि नेपालमा समस्याको चाङ चुलिदा पनि सम्झौता नगरी भारतलाई नाकाबन्दी खोल्न बाध्य पार्ने पात्र हुन् । संयोगले ओली त्यसबेला प्रधानमन्त्री थिए । उनले नाकाबन्दी नखोलेसम्म भारत भ्रमण नगर्ने अडान लिएपछि भारतले नाकाबन्दी खोल्न बाध्य भएको थियो । भूगोलमा सानो-ठूलो भए पनि स्वाभिमान र स्वाधीनता समान हुन्छ भनेर ओलीले निरन्तर अडान लिँदै आएका छन् । लिपुलेक-लिम्पियाधुरा र कालापानी क्षेत्रको भू-भाग नेपाली भूमि रहेको भन्दै त्यसलाई नेपाली नक्सामा समेट्ने काम ओली प्रधानमन्त्री रहेको समयमा भएको थियो । २०७७ जेठ ३१ गते ओली प्रधानमन्त्री रहेकै बेला नेपालको संसद्ले लिपुलेकलाई नेपालको संविधानको अनुसूचीमा समावेश गरेको थियो ।

अबको विश्वको नेतृत्व पश्चिमा मुलुकबाट एशियातिर सर्दैछ । एशियाका दुई शक्तिशाली मुलुक चीन र भारतले मिलेर अघि बढ्न सक्दा विश्व व्यवस्थाको नेतृत्व एशियातिर सार्न सक्छन् । उनीहरुबिच मेलमिलाप र सहकार्य आवश्यक छ । यो सहकार्यमा  हिस्सेदार र साझेदार भयो भने नेपालले पनि फाइदा लिनसक्छ । भारत र चीनको आर्थिक प्रगतिबाट नेपालले मुलुकको विकासलाई ध्यान दिनुपर्छ । दुई शक्तिशाली छिमेकीको साथ र सहकार्यबाट नेपालले विकासमा फड्को मार्न सक्छ । नेपाल यस्तो मुलुक हो, दुवै मुलुकलाई नेपाल नभई हुँदैन । कतिपय अवस्थामा दुई मुलुक झगडा पर्दाको बेफाइदा पनि हामीले ब्यहोर्दै आएका छौँ । दुई मुलुकको सहकार्य हुँदाको बेफाइदा पनि हामीले व्यहोर्नु पर्ने नियति आउनु हुँदैन । त्यसका लागि बलियो र अडान भएको नेतृत्वले मात्रै शक्ति सम्पन्न मुलुकसँग कुराकानी गर्न सक्छ ।

अब छिट्टै प्रधानमन्त्री ओलीले भारतको पनि भ्रमण गर्दैछन् । भारतसँग पनि लिपुलेक नेपालको हो भन्ने तथ्य सम्झाउनुपर्छ । भारतले नेपालसँगको सीमा विवाद तथ्य र प्रमाणका आधारमा समाधान गर्दा नै दुई मुलुकबिचको मित्रता फराकिलो बन्छ । नेपाल-भारतबिचको सुमधुर सम्बन्ध दुवै मुलुकको विकास र स्थिरताका लागि हितकर छ ।

# चीन–भारत व्यापार सम्झौता र नेपालको उपेक्षा



**विश्वनाथ खरेल**

नेपालको भूगोल र इतिहासमा विदेश नीतिलाई सधैं कूटनीतिक रूपमा जटिल बनाइएको छ । उत्तर र दक्षिणका दुई विशाल छिमेकी राष्ट्र चीन र भारतबिच अवस्थित हिमाली राष्ट्रले आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्दै आर्थिक विकास गर्न सबैभन्दा ठूलो चुनौती खेपिरहेको छ । हालै नेपाललाई थाहै नदिई नेपालको विवादित सिमाना कालापानी, लिम्पियाधुरा अवस्थित 'लिपुलेक व्यापार सम्झौता' गरेपछि दुवै छिमेकी मुलुक नेपालको 'असली मित्र' नभएको प्रमाणित भएको छ । जबकि, 'वामपन्थीनजिक' भनी चिनिएको उत्तरको चीन र लोकतन्त्रवादीको 'शुभेच्छुक' भनी परिभाषित दक्षिणको छिमेकी भारत स्वार्थ मिले नेपालको अस्तित्व नै नस्विकार्ने पक्षमा छन् भन्ने यो व्यापार सम्झौताले पुष्टि गरेको छ । यसै जटिल अवस्थामा लिपुलेकलाई मुख्य केन्द्रबिन्दु बनाएर चीन र भारतबिच भएको व्यापारिक सम्झौताले नेपाली राजनीतिमा ठूलो तुफान उठाएको छ । र, यस तुफानको केन्द्रमा परेका छन्, प्रधानमन्त्री केपी शर्मा ओली । उनी नेतृत्वमा रहेकै सरकारले भारतसँग भएको सन् २०१५ को दुर्भावपूर्ण आर्थिक नाकाबन्दीपछि चीनमा झुकाव बढाउने नीति अख्तियार गरेको थियो । तर, चीन र भारतबिच भएको लिपुलेकलाई व्यापारी केन्द्र बनाउने सम्झौताले ओली र उनको विदेश नीतिको अग्निपरीक्षाका रूपमा आएको छ । यसले गर्दा उनी दुई पाटाको राजनीतिमा फसेर राष्ट्रवादी भाषण दिने नेता मात्र होइनन्, बरु नेपालको 'सार्वभौमिकता रक्षा गर्न नसक्ने नेता' भन्ने आरोपसम्म झेल्न बाध्य भएका छन् ।

चीन र भारतबिचको सम्बन्ध ऐतिहासिक रूपमा द्विपक्षीय, बहुआयामिक र कहिलेकाहीँ जटिल परिस्थितिमा रहिआएको छ । यी दुई एसियाली महाशक्तिको भू-राजनीतिक, आर्थिक र सामरिक प्रतिस्पर्धा र सहकार्यबीच सन्तुलन बनाउनु चुनौतीपूर्ण कार्य हो ।

यसै सन्दर्भमा प्रधानमन्त्री ओलीले 'चीन-भारत लिपुलेक व्यापार सम्झौता'मा निभाएको भूमिका र यसले उनको राजनीतिक परीक्षामा पार्ने असरलाई अग्निपरीक्षाका रूपमा हेर्न सकिन्छ । यो चीन-भारत लिपुलेक व्यापार सम्झौतासँग सम्बन्धित पृष्ठभूमि, ओलीको भूमिका, सम्झौताको प्रभाव तथा दुवै महाशक्तिको रणनीतिक हितसँग ओलीको परीक्षणमाथि विशेष चर्चाको विषयवस्तु बन्न गएको छ ।

**लिपुलेकः इतिहास, विवाद र महत्व**

लिपुलेक हिमालयको महत्त्वपूर्ण दर्रा हो । जुन नेपालको सुदूरपश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्छ । ऐतिहासिक रूपमा यो क्षेत्र कालापानीको अभिन्न अंग पनि हो । जुन नेपाल र भारतबिच सीमा विवादको केन्द्रबिन्दु बनेको छ । नेपालले सन् १८१६ को 'सुगौली सन्धि'लाई आधार मान्दै यस क्षेत्रलाई आफ्नो अभिन्न भूभागका रूपमा दाबी गर्दै आएको छ । भारतले पनि आफ्नो नक्सामा यसलाई 'उत्तराखण्ड राज्यको भाग'का रूपमा देखाएको छ । यसको सामरिक र आर्थिक महत्त्व अपार छ । लिपुलेक दर्रा चीनको तिब्बत स्वायत्त क्षेत्रसँग जोड्ने प्रमुख मार्गमध्ये एक हो । ऐतिहासिक रूपमा यो नेपाल, तिब्बत र भारतबिचको व्यापारिक प्रमुख केन्द्रका रूपमा प्रयोग हुँदै आएको थियो । साथै, चीनले 'बेल्ट एन्ड रोड इनिसिएटिभ'अन्तर्गत दक्षिण एसियामा पुग्ने यो महत्त्वपूर्ण 'गेटवे'का रूपमा हेर्छ । त्यसैले, यो दर्रा मात्र एउटा भौगोलिक स्थान होइन, बरु एउटा भूराजनीतिक चेसबोर्ड हो, जहाँ तीन राष्ट्रको राष्ट्रिय स्वार्थ बाझिएको छ ।

**सामग्री र नेपाली चासो**

सन् २०१५ मा चीनका राष्ट्रपति सी जिनफिङको भारत भ्रमणका बेला दुई देशबिच धेरै सम्झौता भए, जसमध्ये एक हो, 'लिपुलेक दर्राबाट हुने व्यापार विस्तार ।' यस सम्झौताले लिपुलेकलाई चीन-भारत व्यापारका लागि अतिरिक्त मार्गका रूपमा विकास गर्ने प्रावधान गरेको छ । यो सम्झौता सधैंभर बन्द रहेको 'नाथु ला' र 'जेलेप ला दर्रा' पछि खुल्ने तेस्रो मुख्य व्यापारिक मार्ग हो । यसमा नेपालको आपत्ति यहाँदेखि सुरु हुन्छ । नेपालले दाबी गरेको क्षेत्रमा नेपाललाई सामेल नगराएको र बिनाकुनै सूचना नदिईकन चीन र भारतले यस्तो सम्झौता गरेकामा गम्भीर आपत्ति जनाएको छ । नेपालको मान्यताअनुसार कुनै पनि तेस्रो पक्ष समावेश नगरी दुई देशबीच नेपाली भू-भागलाई व्यापारिक केन्द्र बनाउने सम्झौता गर्नु भनेको नेपालको सार्वभौमिकतालाई ठेस पुर्‍याउने काम हो । यसले नेपालको क्षेत्रीय अखण्डतामाथि प्रश्न उठाउँछ र अन्तर्राष्ट्रिय कानुन उल्लंघन गरेको स्वतः देखिन्छ ।

**लिपुलेक व्यापार सम्झौता**

लिपुलेक भारत र चीनबिचको सीमावर्ती क्षेत्र हो । तर, यस क्षेत्रलाई सामान्यतया देशले पनि भूराजनीतिक दृष्टिले महत्त्वपूर्ण मान्छ । यो भारतको उत्तराखण्ड राज्यसँग जोडिएको लिपुलेक क्षेत्र चीनसँग सीधा सिमाना जोडिएको छ र त्यहाँबाट व्यापार मार्ग सञ्चालन हुन्छ । जसमा भारतीय र चिनियाँ सरकारबिच लिपुलेक चौकीमार्फत् व्यापार विस्तार सम्झौता स्पष्ट रूपमा दुई देशको आर्थिक र भौगोलिक हितलाई सम्बोधन गर्छ । यसले सीमा विवाद र सुरक्षासँग सम्बन्धित जटिलता अर्थव्यवस्थामा रूपान्तरण गर्ने सम्भावना देखाउँछ ।

**ओलीको भूमिका**

प्रधानमन्त्री केपी शर्मा ओली नेपालको शक्तिशाली र प्रखर नेता मानिन्छन् । जसले नेपाललाई चीन र भारत, दुवै देशसँग सन्तुलित सम्बन्ध स्थापना गर्ने नीति अघि बढाएका छन् । उनले अघि सारेको विधि चीन-भारतबिच सीमा व्यापार सुधारमा महत्त्वपूर्ण भूमिका खेल्नसक्छ भन्ने आशा गरिन्छ । यसमा नेपाल सरकारले सम्झौतामा आफ्नो कूटनीतिक दायित्त्व र राष्ट्रिय हितबिच सन्तुलन मिलाउन निकै जटिल राजनीतिक अग्निपरीक्षा सामना गरेका छन् । एकातिर ओली चीन सम्बन्ध बलियो बनाउन चाहन्थे भने अर्कोतिर भारतसँगको पारस्परिक सम्बन्धमा पनि असर नपुगोस् भन्ने प्रयासमा थिए । यस्तो अवस्थामा ओलीको नेतृत्व क्षमता, धैर्य र रणनीतिक सोंचको व्यापक परीक्षण भएको छ ।

**भूमिकामा सम्भावित असर**

नेपाललाई चीन र भारतबिचको रणनीतिक प्रतियोगितामा सधैं संवेदनशील मध्यस्थका रूपमा देखिन्छ । त्यसकारण लिपुलेक व्यापार सम्झौतामा नेपालले कानुनी, भूराजनीतिक र सुरक्षा दृष्टिले के कस्तो भाग लिनसक्छ ? भन्ने विषय अझ स्पष्ट हुनु जरुरी छ । यसमा सरकारको नेतृत्वमा नेपालले यस क्षेत्रीय व्यापार 'प्रोजेक्ट'लाई मध्यस्थ देशको भूमिका सिर्जना गर्ने दिशामा अघि बढिरहे पनि यस वातावरणले नेपालमा आन्तरिक राजनीतिक विवाद, राष्ट्रिय सुरक्षा चिन्ता र रणनीतिक विकल्प समीक्षा गरिरहेको छ ।

**सम्झौताको लाभ र चुनौती**

यसमा देशलाई लाभको कुरा गर्ने हो भने व्यापार प्रवाह र आर्थिक सम्बन्ध मजबुत हुने सम्भावना, सीमागत क्षेत्रमा शान्ति र सहकार्यमा सुधार, क्षेत्रीय समृद्धि र पर्यटन विकास आदि रहेका छन् । त्यसरी नै चुनौती औंल्याउने हो भने दुश्मनी र आशंका बढी हुने सम्भावना, नेपालका राष्ट्रिय स्वार्थमा स्पष्ट नीति अभाव, नेपालमा आन्तरिक राजनीतिक तथा सामाजिक तनाव आदि रहेका छन् ।

**सरकारको अग्निपरीक्षा र सम्भावना**

ओली देशलाई विश्वका दुई महाशक्ति चीन र भारतसँग सन्तुलित राख्दै राष्ट्रिय हित अघि बढाउन चाहन्थे । तर, लिपुलेकको व्यापार सम्झौतामा भने ओली कहाँसम्म सफल छन् र कहाँ चुकेका छन् ? भनी व्यापक बहस सुरु होस् । ओलीको भूमिका अग्निपरीक्षाजस्तो रह्यो । 'अबगकभ, सीमावर्ती व्यापार सम्बन्धले निरन्तर भारत र चीनबीचको तनाव, सुरक्षा र अर्थतन्त्रसँग सम्बन्धित संवेदनशील पक्ष छुन सक्थ्यो । ओलीको अग्निपरीखालाई यसको दीर्घकालीन सफलताबाट मात्र मापन गर्न सकिन्छ । नेपाललाई यस क्षेत्रमा स्थायी, समृद्ध र सन्तुलित भूमिकामा ओलीले उभ्याउन सक्छन् कि सक्नेछैनन् ? भन्ने विषय नै महत्त्वपूर्ण हुन गएको छ ।

प्रधानमन्त्री ओलीकै अगुवाइमा प्रमुख राजनीतिक दलबीच २५ जेठ २०७२ मा भएको १६ बुँदे समझदारीको आडमा संविधान जारी भयो । आगामी १४ भदौमा चीन र ३१ भदौमा भारत भ्रमणमा जान लागेका प्रधानमन्त्री ओलीले दुवै देशका नेतृत्वसँग यस विषयलाई जोडदारसाथ उठाउनुपर्ने आवाज उठिरहेको छ । केही वर्षअघि नेपालको नयाँ नक्सा जारी गरेर 'राष्ट्रवादी' छवि बनाएका ओलीले आफ्नो छवि कायम राख्न सक्छन् कि सक्दैनन् ? यो उनको परीक्षाको समय भएको छ ।

वस्तुतः प्रधानमन्त्री भएको १ वर्षपछि ओलीलाई गत १ भदौमा काठमाडौं आएर भारतीय विदेशमन्त्री विक्रम मिश्रीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट भारत भ्रमणको निम्ता दिएका थिए । भदौ अन्तिम साता भारत भ्रमणमा जाने तयारीमा रहेका ओली र मोदीबिच बोधगयामा भेट हुने तय भइसकेको छ ।

नेपालको भूमि प्रयोग गरेर चीन र भारतले गरेका सम्झौता नेपालको राष्ट्रियता, भौगोलिक अखण्डता र सार्वभौमिकतामा गम्भीर चुनौती भएकाले ओलीले यस विषयमा दुवै देशको भ्रमणक्रममा खुलेर कुरा गर्नुपर्ने जरुरी देखिन्छ । ओली नेतृत्वमा सुरु 'चुच्चे नक्सा बहस'ले उनकै नेतृत्वमा मात्र तार्किक निष्कर्ष निकाल्न सक्छ । यस मुद्दामा चीन र भारत भ्रमणको अवसरमा आँखामा आँखा जुधाएर बहस हुन सकोस् ।

सन् १९६२ को चीन-भारत द्वन्द्व, असंलग्न आन्दोलन तथा शीतयुद्धकालीन वैश्विक द्वन्द्वजस्ता भूराजनीतिक चुनौतीलाई बडो चतुर, साहसिक एवं विलक्षण प्रतिभाद्वारा राजा महेन्द्रले टार्न सफल भएका थिए । हाल अमेरिकामा राष्ट्रपति ट्रम्पको पुनः उदयले वैश्विक राजनीति फेरि संकटको भूमरीमा पर्लाजस्तो देखिन्छ । उनको अन्तर्राष्ट्रिय नीतिले चीर-प्रतिद्वन्द्वी चीन र भारत पनि आपसमा नजिकिएका छन् ।

विवादास्पद नेपाली भूमि लिपुलेक पासबाट नेपालको सहमतिबेगर नै द्विपक्षीय व्यापार गर्ने सहमति गरेका छन् । झन् त्यसमाथि ओलीको व्यग्र प्रतीक्षापछि हुन लागेको भारतको आसन्न भ्रमणको ठीक अगाडि दुई छिमेकीले यस्तो सम्झौता गर्नु मामुली कुरा होइन । उच्चस्तरीय विदेश भ्रमणको निम्तो आउँदा नेपालको सत्तावृत्तमा एकप्रकारको हर्षबढाइँ नै हुने गर्छ । भ्रमणको निमन्त्रणा पाउनुलाई नै ठूलो उपलब्धि ठान्ने प्रवृत्ति सबैजसो राजनीतिक नेतृत्वमा विद्यमान छ । प्रधानमन्त्री ओली पनि भारत भ्रमणको 'ग्रिन सिग्नल' नपाउँदा निराश भएका थिए । चौथोपटक प्रधानमन्त्री भएको १४ महिनापछि भारत भ्रमणको मिति तय भएसँगै उनी उत्साहित थिए । झन् भदौ दोस्रो साता चीनको तियान्जिनमा हुने 'सांघाई कोअपरेसन संगठन (एससीओ)'को शिखर सम्मेलनमा सहभागिताको अवसर जुरेपछि त उनमा डबल उत्साह भरिएको छ । तर, दुईवटा महत्त्वपूर्ण भ्रमणसम्मुखमा दुई बलिया छिमेकी भारत र चीनले नेपाललाई बेवास्ता गर्दै नेपाली भूमि लिपुलेक प्रयोग गरेर व्यापार-बाटो खोल्ने सहमति गरेपछि त्यो उत्साह चिन्ता र चुनौतीमा बदलिएको छ ।

निष्कर्षमा चीन-भारत लिपुलेक व्यापार सम्झौतामा ओलीको भूमिका केवल एक राजनीतिक, कूटनीतिक उपक्रम मात्र नभएर नेपालको भविष्यको सुन्दर सन्तुलन कायम गर्ने चुनौतीपूर्ण परीक्षा थियो । यस मुद्दामा ओलीले आफ्नो अग्निपरीक्षामा धेरै हदसम्म देशलाई ठूलो खतराबाट बचाउँदै, आर्थिक र भूराजनीतिक दृष्टिले महत्त्वपूर्ण द्विपक्षीय सम्बन्ध थप सुदृढ पार्ने प्रयास गरिरहेका छन् । यद्यपि, यसमा ध्यान दिनुपर्ने जोखिम र चुनौती अझै पूर्णरूपमा अन्तर्राष्ट्रिय र राष्ट्रिय रणनीतिसँग 'कसरी मिलेर व्यवस्थापन गर्ने ?' भन्ने विषय ओलीको र नेपालको आगामी राजनीतिक यात्राको परीक्षा हुनेछ । यसप्रकार चीन-भारत लिपुलेक व्यापार सम्झौतामा ओलीको अग्निपरीक्षा मुलुकका लागि ऐतिहासिक मोड हो । जसलाई गम्भीर रूपमा बुझ्दै भविष्यमा अझ समृद्धि र शान्तिका लागि नीति निर्माण गरिनु आवश्यक छ ।

यो चीन-भारत-नेपाल त्रिपक्षीय सम्बन्धमा केन्द्रित जटिल र राजनीतिक रूपमा संवेदनशील विषय पनि हो । यो विषय देशको भूराजनीतिक स्थिति, विदेश नीति र कूटनीतिक चुनौतीसँग गहिरो रूपमा जोडिएको छ । मूलतः लिपुलेक व्यापार सम्झौता केपी शर्मा ओलीको राजनीतिक जीवनको महत्त्वपूर्ण मोड बिन्दु बनेको छ । जो नेता आफ्नो राष्ट्रवादी छविका लागि प्रसिद्ध थिए । उनैको नेतृत्वकालमा नेपालको भूभागमा भएको कूटनीतिक आक्रमणविरुद्धमा प्रभावकारी कदम चाल्न नसक्नु ठूलो विडम्बना हो । यसले ओलीलाई राजनीतिक रूपमा कमजोर पार्‍यो र उनको छविलाई धक्का पुर्‍यायो ।

अतः यो घटना नेपालका लागि ठूलो खतराको घण्टी पनि हो । यसले देखाएको छ कि अन्तर्राष्ट्रिय राजनीतिमा साना राष्ट्रले आफ्नो अस्तित्व र स्वार्थ रक्षा गर्न धेरै सजिलो रणनीति अपनाउनुपर्दैन । ओलीको अग्निपरीक्षा भविष्यका नेपाली नेताका लागि पनि मार्गदर्शक उदाहरण बनेर रहनेछ । जसबाट सिकेर नेपालले आफ्नो कूटनीतिक हैकम मजबुद बनाउन सक्छ । नेपालको भूराजनीतिक यथार्थ भनेको दुवै छिमेकीसँग मैत्रीपूर्ण सम्बन्ध कायम राख्दै आफ्नो स्वतन्त्र इच्छाशक्ति र सार्वभौमिकता रक्षा गर्नु नै हो ।

राजधानीबाट

# नेप्से परिसूचक ३१ अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३१ दशमलव १७ अङ्कले घटेर दुई हजार ७४९ दशमलव ८३ को बिन्दुमा कायम भएको छ । ३२१ कम्पनीको एक करोड ४८ लाख पाँच हजार ५६९ कित्ता शेयर ९७ हजार १७४ पटक खरिद बिक्री हुँदा रू छ अर्ब छ करोड १८ लाख २२ हजार ३७९ बराबरको कारोबार भएको छ ।

सबै समूहको उपसूचक घटेको छ । ग्लोबल आइएमई समुन्नत योजना-२ को शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । सबैभन्दा बढी उन्नती लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ७७ प्रतिशतले घेटेको छ ।

# फेब्राइल सीजर र अभिभावकले ध्यान दिनुपर्ने कुराहरू

**डा. रामसुफल राम**

बालबालिकाहरुलाई ज्वरो आउनु एक सामान्य कुरा जस्तो भए पनि कहिलेकाही उच्च ज्वरोले गर्दा बच्चाहरूलाई झट्का (कम्पन/चम्की) आउनसक्छ, जसलाई फेब्राइल सीजर भनिन्छ ।

खासगरी ६ महिनादेखि ५ वर्षसम्मको बच्चाहरुलाई जुनसुकै कारणले गर्दा अचानक अत्यधिक ज्वरो (३८° सी वा माथि) हुँदा झट्का आउने गर्छ ।

जसमा मस्तिस्कको संक्रमण, टाउकोको चोट, मेटाबोलिक असन्तुलन र ज्वरोबिनाको झट्काको इतिहास हुँदैन ।  अभिभावकको लागि निकै डरलाग्दो हुने फेब्राइल सीजर बारे सही जानकारी, हेरचाह र सामान्य उपचारले पनि सजिल्यै निको पार्न सकिन्छ ।

यसमा बच्चालाई आउने अनियन्त्रित झट्का केही सेकेन्डदेखि मिनेटसम्म रहन सक्छ। अधिकांश केसमा यो हानिरहित हुन्छ र बच्चाको मस्तिष्कमा वा वृद्धि-विकासमा स्थायी प्रभाव पार्दैन ।

अभिभावले बच्चामा फेब्राइल सीजरको झट्का पहिचान गर्नु जरुरी हुन्छ । बच्चाहरूमा उच्च ज्वरो आउँदा बेहोस हुने, आँखा उल्टाउने, शरीर अररो हुने, जिउ काम्ने, मुखबाट फिज (र्‍याल) बग्ने, सांस फेर्न अप्ठ्यारो भएको जस्तो हुने र दात बाँध्ने जस्ता लक्षणहरू देखा पर्न सक्छ ।

जिउ काम्ने बन्द भएपछि पनि केहीबेर बच्चाहरु सुस्त (कमजोर) रहन सक्छ र ज्वरो कम हुँदै जाँदा बच्चाको अवस्थामा क्रमिक सुधार आउन थाल्छ ।

यसबाट जोगाउन अभिभावकले ज्वरो बढेको संकेत थाहा पाउनासाथ ज्वरो नाप्ने र ज्वरो छ भने चिकित्सकको सल्लाह बमोजिम ज्वरो कम गर्ने औषधी (सिटामोल) दिइहाल्नुपर्दछ ।

हाइड्रेड राख्ने र आवश्यकता अनुसार पानीपट्टी पनि गर्न सकिन्छ ।

सीजर (कम्पन) आएको बेला ध्यान दिनुपर्ने कुराहरू

- अभिभावकहरु नआतिएर, बच्चालाई सुरक्षित स्थानमा, देब्रे कोल्टो पारेर राख्नुपर्छ ।
- बच्चालाई भुइँमा वा नरम सतहमा सुताउनुपर्छ ।
- बच्चालाई चोटपटक लाग्न दिनु हुँदैन ।
- मुखमा केही छ भने झिकिदिनुपर्छ ।
- लगाएको बाक्ला/टाइट कपडाहरु खोलिदिनुपर्छ र हल्का लुगा लगाइदिनुपर्छ ।
- कोठाको तापक्रम कम गर्न हावा जाने-आउने वा खुल्ला ठाउँ हुनुपर्छ ।
- मुखमा चम्चा वा केही हाल्ने वा हातखुट्टा समात्ने/बाध्ने गर्नुहुँदैन ।
- सीजर नरोकिंदासम्म औषधी, पानी वा अन्य केही कुरा खुवाउनु हुँदैन, सर्किने सम्भावना हुन्छ ।
- सीजर कति समयसम्म चल्यो भनेर नोट गर्नुपर्दछ ।
- यदि सीजर (झट्का/कम्पन) ५ मिनेर भन्दा धेरै आयो भने तुरुन्त चिकित्सको सल्लाह लिनुपर्दछ ।
- ज्वरो  घटाउने उपायहरु अपनाउनुपर्छ । (सिटामोल दिने/ पानीपट्टी गरिदिने)
- सीजर हराएपछि रिकभरी पोजिसन मा राख्दिनु पर्छ ।
- सम्भव भएमा भिडियो खिचेको राम्रो हुन्छ, जुन पछि चिकित्सकलाई सहयोगी हुनसक्छ ।

सीजर (झट्का) बन्द भएको २० देखि ३० मिनेटमा बच्चाहरु सामान्य अवस्थामा आउनु पर्छ । यदि लामो समयसम्म सुधार देखिएन भने वा शरीरको कुनै भाग नचल्ने भयो वा धेरै पटक छिटो-छिटो सीजर आयो भने - तुरुन्तै चिकित्सकको सल्लाह लिनुपर्दछ । ज्वरो र सीजरको कारण पत्ता लगाउन पनि चिकित्सकको सल्लाह लिनु आवश्यक हुन्छ ।

स्वास्थ्य खबरबाट

# गठबन्धनलाई हराउँदै माओवादीको प्यानलै विजयी



**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पामा खानेपानी निर्वाचनमा कांग्रेस-एमाले गठबन्धनलाई हराउँदै माओवादी केन्द्रको पुरै प्यानल विजयी भएको छ । जिल्ला सदरमुकाम लिबाङ तथा आसपासका क्षेत्रहरु रेउघा, थलिबाङ, मेबाङलगायतमा खानेपानी पुऱ्याइरहेको रोल्पा शहरी खानेपानी उपभोक्ता तथा सरसफाइ समितिको शनिबार राति सम्पन्न मतगणनामा सुमन विक नेतृत्वको सम्पूर्ण प्यानल विजयी भएको हो ।

कांग्रेस-एमाले गठबन्धनबाट अध्यक्षका उम्मेदवार रहेका रामबहादुर बुढाथोकीलाई ६८ मतको अन्तरमा नेकपा (माओवादी केन्द्र)का तर्फबाट उम्मेदवार रहेका सुमन विकले जित हासिल गरेका हुन् । निर्वाचन मत परिणामअनुसार सुमनले ४०५ मत र निकटम प्रतिद्वन्द्वी रामबहादुरले ३३७ मत प्राप्त गरेका छन् ।

जम्मा ९१० जना मतदाता रहेकोमा ७९२ मत खसेको थियो । जसमा २३ मत बदर भएको निर्वाचन समिति संयोजक अधिवक्ता दामोदरप्रसाद सुवेदीले जानकारी दिए ।

त्यस्तै माओवादी केन्द्रनिकट प्यानलबाटै उपाध्यक्षमा रेवती आचार्य, महासचिवमा अशोक आचार्य, सचिवमा रुपसरा घर्तीमगर र कोषाध्यक्षमा शिला विक निर्वाचित भएका छन् । सदस्यहरुमा सोही प्यानलका गीता घर्ती, दुर्गाप्रसाद शर्मा, दीपसरा बुढामगर, देवबहादुर कवर, रामी दमाई र रेशमबहादुर पुन विजयी भएका छन् ।

शनिबार बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म मतदान भएको थियो भने राति करिब १२ बजे मतगणना सकिएको थियो । विजयी घोषणा भएसँगै आइतबार बिहान विजयी टोलीले मतदाताको टोलटोलमा पुगेर धन्यवाद व्यक्त गरेको छ । 'मतदाताको अपेक्षालाई पूरा गर्ने मेरो नेतृत्वको निर्वाचित कार्यसमितिले प्रतिज्ञा गरेको छ,' मतदातासँगको भेटमा अध्यक्ष सुमनले भने- 'हामी उपभोक्ताको हितका निम्ति काम गर्छौं, तपाईंहरुले खबरदारी र सहयोग दुवै गर्नुस् ।'

उनले निर्वाचन प्रक्रियामा राजनीतिक प्रतिष्पर्धा भए पनि अब खानेपानीको सवालमा पूर्वाग्रहपूर्ण राजनीतिलाई त्यागेर साझा उद्देश्यप्रति केन्द्रित भएर काम गर्ने प्रतिबद्धता जनाए । उनले सहयोग गर्ने मतदाता, राजनीतिक दल, संघसंस्था सबैलाई धन्यवाद समेत व्यक्त गरेका छन् ।

यसअघि भएका केही संस्थाका निर्वाचनमा माओवादीकै सहयोगमा निर्वाचित भए पनि अन्ततः 'माओवादीको गढमा अर्को पार्टीको फलानो विजयी' भन्दै प्रचार गरिएका कारण अहिले पार्टी नै लाग्नुपरेको माओवादीका रोल्पा नगर अध्यक्ष फविन्द्र आचार्यले बताए ।

'राम्रो मान्छे जोसुकै भए पनि सहयोग गरौं भन्ने हाम्रो धारणा भए पनि अन्ततः रोल्पाजस्तो ठाउँमा माओवादीलाई हरायौं भन्दै हल्ला गरिन्छ,' आचार्यले भने-'त्यस्तो आरोपको खण्डन गर्नुपर्छ भनेर नै पार्टी अगाडि देखिएको हो, यस्तो साझा संस्थाहरुमा सकेसम्म यसरी खुलेआम राजनीति नगर्दा ठीकै हुन्छ भन्ने कुरामा हामी सचेत छौं ।'

स्मरण रहोस्, तीन वर्षअघि रोल्पा उद्योग वाणिज्य संघको निर्वाचनमा कांग्रेस र एमालेका उम्मेदवार एकआपसमा लडेका थिए, जसमा एमालेका विजयी भए । तर सामाजिक सञ्जालमा 'माओवादीको क्षेत्रमा एमालेको विजयी' भन्दै एमालेका केन्द्रतहका नेताले प्रचार गरेका थिए । यसबाट माओवादी अहिले पनि असन्तुष्ट देखिंदै आएको छ ।

# नवीन विद्यार्थी क्लबको छैठौं पदस्थापन सम्पन्न



बुटवल । नवीन विद्यार्थी क्लबको छैठौं पदस्थापन कार्यक्रम आइतबार बुटवलमा सम्पन्न भएको छ ।

लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा मन्तव्य व्यक्त गर्दै राजनीतिमा युवा प्रवेश गरेर राष्ट्रभित्रको निराश चिर्न आवश्यक रहेको बताउँदै नविनमा अध्ययन गर्ने विद्यार्थीको भविष्य उज्ज्वल रहेकोमा जोड दिँदै विद्यालयलाई प्रदेश सरकार र व्यक्तिगत रुपले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

विशिष्ट अतिथि बुटवल उपमहानगरपालिका माध्यमिक शिक्षा शाखाकी अधिकृत कोपिला ज्ञवालीले क्लबले विद्यार्थीको नेतृत्व र व्यक्तित्व विकासमा महत्वपूर्ण भूमिका खेलेकोमा सराहना व्यक्त गर्दै समुदायमा युवाहरुले सवारी नियमको पालना नगर्ने, बढी गतिमा र आवाजमा चलाएर समाजमा विकृति सिर्जना गरेकोमा त्यसलाई नियन्त्रणमा राख्न युवा विद्यार्थीहरुलाई आग्रह गरे ।

विद्यालयका प्रधानध्यापक प्रेमबहादुर बस्नेतले विद्यालयका समग्र गतिविधिहरुको बारेमा प्रकाश पारेका थिए ।

छैठौं पदस्थापन कार्यक्रममा २०२४/०२५ का अध्यक्ष सुवास पौडेलको नेतृत्वबाट २०२५/०२६ का लागि लक्ष्मी पाण्डेयको अध्यक्षतामा नयाँ समिति पदस्थापन गरेको छ । पदस्थापन कार्यक्रममा २०८१ को एसईई, २०८२ को एसएलसी परीक्षा र विद्यालय तहमा उत्कृष्ट नतिजा दिन सफल शिक्षकहरुलाई सम्मान समेत गरेको थियो ।

कार्यक्रममा नवीन विद्यार्थी क्लबका संस्थापक अध्यक्ष मधुसुदन नेपाल, निवर्तमान अध्यक्ष सुवास पौडेल, नवगठित क्लबका अध्यक्ष लक्ष्मी पाण्डेय, अंकित खनाल, विकास पन्थीलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम सुवास पौडेलको अध्यक्षतामा एलिजा रेग्मी र समिक्षा जि.सी.को सञ्चालनमा सम्पन्न भएको थियो ।

# बाँझिएको जमिनलाई फाँडेर रहरलाग्दो कागतीखेती

वालिङ । यहाँका एक युवाले व्यावसायिक रूपमा कागतीखेती गरेका छन् । स्याङ्जाको वालिङ नगरपालिका-५ चिसापानीका ऋषि रेग्मीले व्यावसायिक रूपमा कागतीखेती गरी मनग्य आम्दानी लिन थालेका छन् ।

विसं २०७८ मा भएको कोरोना महामारीले उत्पन्न भएको 'लकडाउन'का बेला गाउँमै कागतीखेती थालेका उनले गत वर्षदेखि उत्पादन लिन थालेका हुन् । गल्याङनगरपालिका-५ स्यालबासबाट एक सय बोट सुन कागतीका बेर्ना ल्याएर लगाएका थिए ।

कोरोनाका समयमा घरबाहिर हिँड्डुल गर्न नभएपछि समयको सदुपयोग गर्दै कागतीखेती गर्ने योजना बनाएर काम सुरु गर्नुभएका रेग्मीको अहिले आम्दानीको गतिलो स्रोत नै कागती बन्न पुगेको छ । "बाँदरको समस्याका कारण खेतीयोग्य जमिन बाँझिदै गएपछि विकल्पका रूपमा कागतीको सम्भावना देखेपछि कागती रोपेको हुँ", उनले भने-"त्यतिबेला देखेको सपना अहिले आएर साकार हुँदै गएको छ, खुसी छु ।"

खेतीपाती नभएपछि बाँझिएको जमिनलाई फाँडेर उनले गाउँमै पहिलोपटक व्यावसायिक रूपमा थालेको कागतीखेती आज नमूनाका रूपमा रहेको छ । कागतीखेतीसम्बन्धी प्राविधिक ज्ञान नभएता पनि युट्युबमा हेर्रै त्यसको प्रयोग गरिरहेको उनले बताए ।

"एक सय बोटमध्ये ९० बोटले गत वर्षबाट राम्रो उत्पादन दिन थालेका छन्", उनले भने-"गत वर्षको तुलनामा यस वर्ष झनै राम्रो उत्पादन छ, गत वर्षभन्दा उत्पादन दोब्बर बढी हुँदै गएको छ ।" झण्डै पाँच रोपनी क्षेत्रफलमा व्यावसायिक कागतीखेती गरेका रेग्मीले गत वर्षमात्र झण्डै रु ६० हजारको कागती बिक्री गरेका थिए ।

यहाँ उत्पादन भएको कागती स्थानीय वालिङ बजारका होटलमा खपत हुँदै आएको छ । उनले कागती प्रतिकेजी रु दुई सयदेखि तीन सयका दरले बिक्री गर्दै आएका छन् । "यहाँ उत्पादन भएको कागतीले बजार नपाउने भन्ने समस्या अहिलेसम्म छैन", उनले भने-"कागती व्यापारीलाई नभई सिधैँ होटलमा बिक्री गर्ने भएकाले पनि बजार मूल्य राम्रो पाएको छु ।"

खाली तथा बाँझिएको जमिनमा अझै नयाँनयाँ बोट थप्दै जाने योजनामा उनी छन् । गाउँमा व्यावसायिक रूपमा उनले कागतीखेती गरेर उत्पादनसँगै आम्दानी लिन थालेपछि अहिले त्यहाँका स्थानीयवासी पनि कागतीखेतीलाई व्यावसायिक रूपमा अगाडि बढाउने तयारीमा छन् ।

**अनलाइन...**

पार्टीले २० अंक भार रहेको पोलिटिकल प्रोक्सिमिटी र २५ अंकभार रहेको लिडरसिप एकेडेमीको लागि आकांक्षीहरूबिच विभिन्न गतिविधि गराएर मूल्याङ्कन गरिसकेको थियो । १०० अंकमध्ये ५ अंक समावेशितालाई छुट्याइएको थियो । यो अंक महिला, आदिवासी जनजाति, मधेशी, अल्पसंख्यक र पछाडि पारिएको समुदायका आकांक्षीले मात्र पाउँछन् ।

रास्वपाको प्राइमरी इलेक्सनमा निर्वाचन क्षेत्रका पार्टी सदस्य, तहगत समितिका सदस्य र केन्द्रीय समिति सदस्यतले मतदान गरेका हुन् ।

सम्बन्धित निर्वाचन क्षेत्रका पार्टी सदस्यको मतदानको ८० अंक, क्षेत्रभित्रका मतदाता रहेका पार्टीका तहगत समिति सदस्यको मतदानको १० अंक र केन्द्रीय समिति सदस्यको मतदानको १० अंकभार रहनेछ ।

पार्टी सदस्यको मतदानमा २६ साउनसम्म पार्टी सदस्यता लिएकाले मात्र मतदानमा भाग लिन पाउने व्यवस्था थियो ।

गत आमचुनावमा रुपन्देही-३ मा समानुपातिकतर्फ १४ हजार १५४ मतसहित रास्वपा तेस्रो ठूलो दल बनेको थियो । यो चुनावको नतिजाले २०८४ को चुनावलाई प्रभाव पार्ने भएकाल रास्वपासहित प्रमुख दलले प्रतिष्ठाको रुपमा लिएका छन् ।

**भारतीय...**

गत वर्ष १० लाख केरा बिक्री गरेको र यस वर्ष जम्मा ४० हजार केरा बिक्री वितरण गरेको घलेको भनाइ थियो ।

यसैगरी प्रतापुर ६ काठहवाका मोतीलाल कोइरीले ६ बिगाहामा केरा खेती गर्दै आएका छन् । खेतमा केरा तयार भएको, तर व्यापारीले २० रुपैयाँ दर्जनमा मागी रहेका छन्, उक्त मूल्यमा बिक्री गरे भने लागाएको ज्यालामजदुरी पनि नउठ्ने भन्दै उनले जबसम्म भरतबाट आउने केरा बन्द हुँदैन, यहाँका किसानहरुको केराको पाउनुपर्ने मूल्य नपाउने गुनासो गरे । उनले ऋण लिएर केरा खेती गरेको, तर अहिले अवस्थामा यही मूल्यमा बिक्री गरेमा ऋण तिर्न के व्याज पनि तिर्न नपुग्ने अवस्था आएको जनाए । सुस्ता ४का तीन बिगाहा लिजमा लिएर केरा खेती गदै बैजनाथ कानु बानियाँले केराको बजार नपाउदाँ र मूल्य नपाउँदा मारमा परेको बताए । भारतीय बजारबाट आयात हुने केरासरकार रोकेर नेपालमा उत्पादन भएको केरा बिक्री वितरण र सही उचित मूल्यमा बिक्री वितरणको वातावरण सिर्जन गर्नुपर्ने बताए ।

प्रतापुरका ८ का केरा खेती व्यवसायिक रुपले गर्दै आएका अमरसेन कोईरीले बैंकको ऋण लिएर खेती गर्दै आएको र केरा तयार भएको तर व्यापारी केरा किन्न नआएको र आए पनि सस्तो मूल्य माग्ने गरेको हामी सस्तोमा नदिने बरु बोटमै केरा पाकेर सुक्छ, तर सस्तोमा नदिने बताए । उनले यो सब भारतबाट आयत हुँदा नेपाली केराले मूल्य नपाएको गुनासो गरे । उनले भने-'व्यपारीहरुले २० रुपैयाँ यहाँ केरा किन्न भनेर आउने गरेको भए पनि उक्त मूल्यमा दिँदा लगाएको ज्याला मजदुरी र ऋण पनि तिर्न नसकिने अवस्था रहेको छ ।'

१५ कठ्ठामा केरा खेती गर्दै आएका सुस्ता ४ नसहीका धनबहादुर गुरुङले केराले बजार नपाउँदा बोटमै केरा थन्काएर राखेको गुनासो गरे । भारताट आउने केरा सस्तो मूल्यमा बिक्री हुन थालेपछि यहाँ उत्पादन भएको केरा बिक्री वितरण हुन नसकेको र बोटमै कुहिन थाले गुरुङले जनाए । उनले बोटमै केरा पाकेको छ, अझै पाकेर बोटबाट केरा बिक्री गर्न कहाँ लैजाने चिन्ताले सताएको बताए ।

१८ सय २५ बिगाहमा केरा खेती लगाइएको नवलपरासी केरा उत्पादक संघका अध्यक्ष लख्खु यादवले बताए ।

उनको अनुसार एक हजार २५ मेटिक टन उत्पादन हुने गरेको छ । तर यसवर्ष भारतीय केराको आयातले गर्दा यहाँ आधी पनि केरा बिक्री नभएको यादवले जानकारी दिए । उनले भारतीय केरा बन्द भए न भने केरा किसानहरुले आन्दोलन गर्ने चेतावनी दिए । गतवर्ष २५ देखि ३५ रुपैयाँ दर्जनसम्म केरा बिक्री भएको, तर यस वर्ष १५ देखि बढीमा २५ सम्म बिक्री गर्न किसान बाध्य छन् ।

## मानिस हराएको सूचना



तोयबहादुर सुनार

रेसुंगा नगरपालिका वडा नं. १४ (साविक परात्मी गाविस वडा नं. ५) निवासी लोकेन्द्र सुनारका बुबा गुल्मी जिल्ला रेसुंगा नगरपालिका वडा नं. १४ (साविक परात्मी गाविस वडा नं. ५) निवासी बस्ने **तोयबहादुर सुनार** वर्ष ७१ को उचाई ५ फिट २ इन्च भएको गहुँगोरो वर्ग, टोपी, कालो ज्याकेट र जुत्ता लगाएको बुबाको मानसिक रोगी भएकाले उपचारको क्रममा नारायणगढ जलमा हल अगाडिबाट मिति २०७२।१०।१४ गतेदेखि हराइरहनु भएकाले भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानमा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछौं ।

सम्पर्क नं.: ९८४५०९०९४९

## CHHATRADEV RURAL MUNICIPALITY
## OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
### CHHATRAGUNJ, ARGHAKHANCHI

## Invitation For National Competitive Bidding

Date of publication: 2082/05/16 (01st September, 2025)

Chhatradev Rural Municipality, Office of Rural Municipal Executive invites electronics bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under National Competitive Bidding. All other Information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***For Bid document Fee (NRs 3000)***
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500033 (Ga-1.1 Aantarik Rajaswa Khata)

***For Bid Security (As per Table)***
Name of the Bank: Nabil Bank Ltd., Chhatragunj Branch
Name of Office: Chhatradev Rural Municipality, Office of Rural Municipal Executive, Chhatragunj, Arghakhanchi
Office Account no.: 21401017500025 (Ga 3 Dharauti Khata (Chhatradev RMCP))

Prebid Meeting :- 2082/06/19 BS (21st September 2025) 13:00 Hrs.
Last Date of Bid Purchase and Submission: 05th October 2025 (2082/06/19) 12:00 Hrs.

| SN | Name of Project/Contract No. | Estimated Amount Inclusive VAT & PS | Bid Security Amount with min. Validity up to 02nd February, 2026. |
|---|---|---|---|
| 1 | Ward No 8 Neta (Simalka Rukha)-Chekmi Motorable Road Upgrading Works CRM/ARG/NCB/W/02/082/83 | NRs.7643475.65 | NRs. 1,90,000/- |

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**परम्परागत पञ्चेबाजा बजाउँदै महिलाः**
दाङको घोराही उप-महानगरपालिका-१३ स्थित सितलटोल विकास संस्थाका नमूना आमा समूहका महिलाहरु पञ्चेबाजा बजाउँदै । पहिले पुरुषले मात्र बजाउने पञ्चेबाजामा अहिले महिलाहरुको पनि सक्रिय सहभागिता छ । तस्विरः कुलदीप न्यौपाने/रासस

# स्नूकर तथा पुल संघद्वारा खेलाडीलाई बिदाई




बुटवल । नेपाल बिलियार्ड्स स्नूकर तथा पुल संघ रुपन्देहीले पोखरामा आयोजना हुने राष्ट्रियस्तरको स्नूकर प्रतियोगितामा बुटवलबाट भाग लिने खेलाडी,कोच र म्यानेजरलाई बिदाई गरेको छ। ११ जना खेलाडीसहित १३ जनाको टोलीलाई बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेय, नगर खेलकुद विकास समिति अध्यक्ष बोनिन पिया, संघका अध्यक्ष सुजन पुन लगायतले प्रतियोगितामा जितको शुभकामनासहित बिदाई गरेका हुन् ।

पोखरामा भदौ १७ देखि २८ गतेसम्म हुने प्रतियोगितामा शिशिर गुरुङ, सञ्जय कार्की, साराङ राना, कुडोल श्रेष्ठ, सुरज मकाजू, मुकेश क्षेत्री, अनुरोध जोशी, रमेश शाही,रोहितमान जोशी, विवेक विक,भोला मल्लाह छनोट भएका हुन् ।

यस्तै प्रशिक्षक प्रदीप विक र म्यानेजर समुन्द्र अमात्यलाई पनि बिदाई गरिएको छ ।

संघले सक्दो आर्थिक सहयोगसहित खेलाडीलाई बिदाई गरेको हो ।

कार्यक्रममा नगर प्रमुख पाण्डेय, खेलकुद विकास समिति अध्यक्ष पिया, संघका अध्यक्ष पुन, उपाध्यक्ष बासु प्रधान, महासचिव प्रकाश क्षेत्री, सचिव प्रदीप विक, वरिष्ठ सल्लाहकार सञ्जय बज्राचार्य, पूर्व अध्यक्ष गजेन्द्रमान श्रेष्ठलगायतले खेलाडीलाई जितको शुभामना दिएका थिए ।

# गाविस अध्यक्षदेखि पार्टीको जिल्ला सचिव

**केशव पराजुली**
*नवलपरासी*



तुल्सी पासी नवलपरासी पश्चिमका एक पुराना कम्युनिष्ट कार्यकर्ता हुन् । कम्युनिष्ट नेता केशर मणी पोखरेल, मगरु यादवको सम्पर्कपछि कम्युनिष्ट पार्टीमा आबद्ध भएका उनी (नेकपा) मार्क्सवादी हुँदै (नेकपा) एमालेमा आबद्ध भएका हुन् । नवलपरासीको कम्युनिष्ट राजनीतिमा कृयाशिल उनी राजनीतिमा प्रवेश गरेदेखि नै निरन्तर सकृय रहेका छन् । सरल स्वभावका पासी नवलपरासी पश्चिमको साविक वन्जरीया गाउँ पञ्चायत वडा नम्बर ४ हाल रामग्राम १८ का स्थाई बासिन्दा हुन् ।

नवलपरासीको कम्युनिष्ट अगुवामा तुल्सी पासीको नाम पनि जोडिन्छ । राजनीतिमा प्रवेश गरेपछि पासी गाविस अध्यक्षदेखि पार्टीको जिल्ला सचिव समेत बनिसकेका छन् । राजनीतिका अवला खेतीबाहेक उनको अन्य कुनै पेशा छैन । विद्यालय अध्ययन गर्दा नवलपरासीका कम्युनिष्ट नेता मगरुप्रसाद यादवको सम्पर्कबाट कम्युनिष्ट राजनीतिमा प्रवेस गरेका पासी (नेकपा ) एमाले लुम्बिनी प्रदेश कमिटीको सचिवालय सदस्य छन् । तराई मधेशमा दलित समुदायमा सूचीकृत पासी समुदायको मुख्य पेशा खेतीपाती र पशु पालन रहेको उनले बताए ।

नवलपरासीका पुराना कम्युनिष्ट नेता मगरु यादवका छोरा वीरेन्द्र यादवसँग विद्यालयमा अध्ययन गर्ने तुल्सी पासीलाई एक दिन वीरन्द्र यादवले उनलाई आफ्ना बावुले सेल्टर लिएर बसेको घरमा लगेर भेट गराए। भेटका क्रममा मगरु यादवका विचारले उनी कम्युनिष्ट पार्टी प्रति प्रभावित भएको पासीले बताए। २०२३ साल फाल्गुणमा वन्जरीयाँमा पासीको जन्म भएको थियो । उनका बावु सीताराम पासी र आमा सुमित्रीदेवी पासी गाउँका सामान्य किसान परिवार हुन् । तराई मधेसमा दलित समुदायमा पर्ने पासी समुदायको संख्या नवलपरासी पश्चिममा लगभग ३ हजार रहेको पासीले जानकारी दिए ।

२०३७ सालदेखि सकृय राजनीतिमा प्रवेश गरेका पासी ०३५/०३६ को जनमत संग्रहमा बहुदलको पक्षमा प्रचारप्रसारमा जुटेका थिए । पुराना कम्युनिष्ट नेता केशरमणी पोखरेल नवलपरासी घरमा आएको समयमा पासीको घरमा गएर भेट गरेपछि पोखरेलले पासीलाई बहुदलको प्रचारप्रसार गर्न लगाएको पासीले बताए । त्यसपछि उनको पोखरेलसँग निरन्तर सम्पर्क हुँदै गयो, पोखरेलको सल्लाहमा उनले काम गर्दै अगाडि बढे । मगरु र पोखरेलको सम्पर्क उनको नेकपा मार्क्सवादीका जिल्ला नेता धनन्जय शर्मासँग सम्पर्क भएपछि पासी (नेकपा ) मार्क्सवादीको जिल्ला कमिटीमा चुनिए ।

२०४७ सालमा माले र मार्क्सवादी एकीकरणपछि उनी जिल्ला कमिटीमा छानिए । २०४३ सालमा नवलपरासीको जर्गाहामा भएको अधिवेशनमा मार्क्सवादीबाट ७ जना र मालेबाट १४ जना गरी २१ सदस्य जिल्ला कमिटीको निर्माण भएको थियो । अधिवेशनले इश्वरी पाण्डे शर्मालाई सचिव चयन गरेको थियो । २०४६ को परिर्वतनपछि नवलपरासीमा नेपाल सदभावना पार्टीको दबदबा रहँदा र पछि मधेश आन्दोलनमा पनि पासी कहिल्यै आफ्नो सिद्धान्तबाट विचलित भएनन् । ०६२/०६३ मा पक्राउ परेपछि उनीले १० दिन परासी कारागारमा बन्दी जीवन बिताए । पासी २०५४ देखि ६९ सम्म बन्जरीया गाविसको अध्यक्ष भए । नेकपा एमालेको पाँचौ अधिवेशनमा प्रतिनिधि छनोट भए, सचिवालय सदस्य, २ वर्ष क्षेत्र नम्बर ४ नवलपरासीको इञ्चार्ज भएका थिए । सातौ, आठौ अधिवेशनमा उप-सचिव र २०७३ देखि २०७५ सम्म जिल्ला सचिव भए ।

२०६७ बैशाखमा नेकपा एमालेको कार्यालयमा भएको आगजनीमा कार्यालयमा रहेका पासी आक्रमणमा परि घाइते समेत भएका थिए । सधैं आफ्नो जिम्मेवारीलाई लगनशिल रुपमा लिने र कामप्रति वफादार पासी नवलपरासी एमालेभित्र असल नेताका रुपमा परिचित छन् । जिल्ला कमिटी सचिव हुँदा सबै जिल्ला कमिटीका सदस्यको घर-घरमा पुग्ने, समस्या बुझ्ने र छलफल गर्ने उनको दैनिकि बनेको थियो । पासी विषय बस्तु र अध्यायनमा पनि उत्तिकै दख्खल राख्छन् । पासी राजनीतिमा लागेको ४५ वर्ष भएको छ । राजनीतिमा प्रवेश गरेको ४५ वर्षमा नेकपा एमालेको जिल्ला सदस्य, उप-सचिव हुँदै जिल्ला सचिव र अहिले नेकपा एमाले लुम्बिनी प्रदेश कमिटीको सचिवालय सदस्य छन् । पछिल्लो समय पार्टीको जिल्लामा नभएको र प्रदेशमा भएका कारण पनि उनको सकृयता जिल्लामा कम रहेको छ । उनीसँगै राजनीति सुरु गरेका धेरै नेता सांसद , केन्द्रीय सदस्य र मन्त्री समेत बनिसकेका छन्, तर तुल्सी पासीले पैसा, पद कमाउनुभन्दा पनि कार्यकताको माया पाएका छन् । उनको यसैमा आत्म सन्तुष्टी रहेको उनी बताउँछन् ।

# पहिरोले पुरिएर एक जनाको मृत्यु

त्रिवेणी (रुकुम पश्चिम) । जिल्लाको मुसीकोट नगरपालिका-१ छिङमा पहिरोले पुरिएर एकजना महिलाको मृत्यु भएको छ । आइतबार बिहान भेँडाबाख्रा लिएर गोठालो जाँदै गरेकी तल्लो छिङकी करिब ६९ वर्षीया हिमकुमारी मल्लको पहिरोले पुरिएर घटनास्थलमै मृत्यु भएको वडाध्यक्ष ज्ञानुचन्द्र चन्दले जानकारी दिए ।

उनीसँगै भेँडा र बाख्रासमेत पहिरोमा पुरिएर मरेका छन् । हिमकुमारीले आउन ढिला गरेपछि परिवारका सदस्यले खोजी गर्दै जाँदा पहिरोले पुरिएको अवस्थामा शव फेला पारेको वडाध्यक्ष चन्दले बताए । उनका अनुसार मृतकको शव प्रहरी र स्थानीयको सहयोगमा निकालिएको हो ।

# भदौ २९ देखि नयाँ नोट साट्न पाइने



बुटवल । दसैं, तिहारलगायत चाडलाई लक्ष्यित गरेर नेपाल राष्ट्र बैंकले यही भदौ २९ देखि असोज १० गतेसम्म सुकिला नोट साट्ने व्यवस्था गरेको जनाएको छ ।

बैंकको मुद्रा व्यवस्थापन विभागले थापाथलीस्थित काठमाडौँ बैंकिङ कार्यालय, राष्ट्र बैंकका प्रदेश कार्यालय र सबै बैंक तथा वित्तीय संस्थाका शाखाबाट बैंक नोट साट्न पाइने आइतबार एक सूचना जारी गरेर जनाएको हो ।

"नेपाल राष्ट्र बैंकको मुद्रा व्यवस्थापन विभाग र प्रदेशस्थित कार्यालयहरु (विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, सिद्धार्थनगर, नेपालगञ्ज र धनगढी) बाट २०८२ भदौ २९ देखि असोज १० गतेसम्म सुकिला नोट सटही गर्न सकिनेछ", राष्ट्र बैंकले सूचनामा भनेको छ-"साथै बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरुबाट पनि सुकिला नोट साट्ने व्यवस्था मिलाइएको छ ।"

चाडपर्वका बेला रु पाँच, १०, २०, ५० र १०० दरका नोटको माग अधिक हुने गरेको छ । चाडपर्वका बेला नै केन्द्रीय बैंकले मैला नोट खिचेर नयाँ नोट बजारमा पठाउँदै आएको छ । राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीति मार्फत् 'सफा नोट नीति' सार्वजनिक गरेको थियो । आार्थिक कारोबारमा सफा नोट मात्र प्रयोग गर्ने र झुत्रा नोट बैंक तथा वित्तीय संस्थाले केन्द्रीय बैंकलाई बुझाउने गरेका छन् ।

अन्तरराष्ट्रिय बोलपत्र आह्वान गरी विदेशमा नोट छापिने हुने गरेको छ । यसो गर्दा राज्यकोषबाट धेरै खर्च हुने भएकाले नोट सफा राख्न केन्द्रीय बैंकले अनुरोध गर्दै आएको छ ।

# तस्करी नरोकेका सशस्त्रका १६ जना कारबाहीमा



बुटवल । सीमा भन्सारमा राजस्व संकलन र कार्यसम्पादनमा कमजोरी भेटिएपछि सशस्त्र प्रहरीका एसपी, डीएसपीसहित १६ जनाको जिम्मेवारी खोसिएको छ ।

सशस्त्रका इकाइहरूमा कमान्डरको रुपमा खटाइएका सशस्त्र प्रहरी अधिकृतहरूको राजश्व संकलन र कार्यसम्पादनमा कमजोरी भेटिएपछि एकैपटक एसपी सहित १६ जना अधिकृतलाई जिम्मेवारीबाट हटाइएको हो ।

प्रधान कार्यालयले आइतबार १ एसपी , १ डीएसपी , ७ इन्सपेक्टर , ६ सई र १ असई गरी १६ जनालाई कमान्डको जिम्मेवारीबाट हटाएको सशस्त्रका सहप्रवक्ता एवम् डीएसपी शैलेन्द्र थापाले जानकारी दिए ।

सशस्त्र प्रहरी बल, नेपाल नं. ११ गण रौतहटका गणपती सशस्त्र प्रहरी उपरीक्षक सन्तोषकुमार बस्नेतलाई कमान्डरबाट फिर्ता गरेर सशस्त्र प्रहरी उपरीक्षक रामहरी अधिकारीलाई पठाइएको छ ।

यसैगरी बारा जिल्लास्थित सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट कबहीगोठका सशस्त्र प्रहरी निरीक्षक जीवनलाल बुढा, बीओपी भिटकैया बाराका सशस्त्र प्रहरी नायव निरीक्षक केदारबहादुर परियार, फरवार्ड सुरक्षा बेस बलिरामपुरका सशस्त्र प्रहरी नायव निरीक्षक हरिप्रसाद लम्साल, फरवार्ड सुरक्षा बेस छतवा बाराका सशस्त्र प्रहरी नायव निरीक्षक गणेश गिरी र झरखोर पोस्ट बाराका सशस्त्र प्रहरी सहायक निरीक्षक शिव शंकरप्रसाद चौधरीलाई जिम्मेवारीबाट हटाइएको हो ।

यस्तै पर्सा जिल्लास्थित बोर्डर आउट पोस्ट प्रसौनी भाठ्ठाका सशस्त्र प्रहरी निरीक्षक सन्जीव बानियाँ क्षेत्री, बीओपी दक्षिण भिटकैयाका सशस्त्र प्रहरी निरीक्षक नरेश सुवाल बाटा, सुरक्षा बेस बहुअर्वाभाठाका सशस्त्र प्रहरी नायव निरीक्षक भीमबहादुर क्षेत्री र फरवार्ड सुरक्षा बेस जयमंगलापुरका सशस्त्र प्रहरी नायव निरीक्षक झक्कुप्रसाद ओलीलाई पनि जिम्मेवारीबाट हटाइएको छ ।

यसैगरी पश्चिम नवलपरासी जिल्लास्थित बोर्डर आउट पोस्ट भुजहवाका सशस्त्र प्रहरी निरीक्षक रुपक नापीत र कैलाली जिल्लास्थित प्रस्तावित सीमा सुरक्षा गुल्म खोनपुका सशस्त्र प्रहरी नायब उपरीक्षक नवीन चन्द, बोर्डर आउट पोस्ट कुसुमघाटका सशस्त्र प्रहरी निरीक्षक रामशरण विष्ट, बीओपी फूलबारीका सशस्त्र प्रहरी निरीक्षक खगेन्द्रबहादुर चन्द, बीओपी लल्लिपुरका सशस्त्र प्रहरी नायब निरीक्षक मोहन राम मोहर र कञ्चनपुर जिल्लास्थित बोर्डर आउट पोस्ट डोकेबजारका सशस्त्र प्रहरी निरीक्षक सूर्य प्रकाश पन्तलाई समेत जिम्मेवारीबाट हटाइएको हो ।

सीमा इलाकामा कार्यरत कमान्डरहरूलाई मुख्यालयबाट समेत सुक्ष्म रुपमा निगरानी बढाइएको छ । सन्तोषजनक काम नगर्ने गणपतिसहितका दर्जनौं अधिकृतहरू यसअघि पनि समय नपुग्दै जिम्मेवारीबाट हटाइएका र कारबाहीमा समेत परेका छन् ।

मुख्यालयले अन्य प्रदेशमा समेत सुक्ष्मरुपमा निगरानी बढाएको छ । गण, गुल्म तथा बीओपी कमान्डमा रहेका केही अधिकृतमाथि पनि निगरानी बढाइएको छ ।

# दुई हजार १२० घरमा केन्द्रीय विद्युत् प्रसारण लाइन विस्तार

ढोरपाटन । लघु जलविद्युत्को भरमा हरेका बागलुङका ग्रामीण क्षेत्रमा धमाधम केन्द्रीय प्रसारण लाइन विस्तार गर्न थालिएको छ । नेपाल विद्युत् प्राधिकरण बागलुङ शाखाले पछिल्लो एक वर्षमा यस वर्ष दुई हजार १२० घरमा केन्द्रीय प्रसारण लाइन विस्तार गरेको छ । वर्षौंदेखि लुघजलविद्युत् आयोजनामार्फत् विद्युत् प्रयोग गर्दै आएका क्षेत्रमा केन्द्रीय लाइन विस्तार गरिएको हो ।

जिल्ला सदरमुकाम आसपास क्षेत्रमा केन्द्रीय प्रसारण लाइन विस्तार भइसकेको हुँदा अहिले पश्चिम बागलुङका ढोरपाटन नगरपालिका, निसीखोला, तमानखोला र बडिगाड गाउँपालिकामा काम भइरहेको विद्युत् प्राधिकरणका प्रमुख पवन पौडेलले जानकारी दिए । पछिल्लो एक वर्षमा दुई हजार बढी घरमा केन्द्रीय लाइन विस्तार गर्दा ३७ हजार ४१६ ग्राहक बढेको उनको भनाइ छ ।

प्रमुख पौडेलका अनुसार रु १५ करोड ९२ लाख ५२ हजार १७७ लागतमा ३५ किलोमिटर ११ केभी र ४९ किलोमिटर शून्य दशमलव चार केभी लाइनको संरचना निर्माण गरिएको छ । एक वर्षमा ३७ स्थानमा ट्रान्फर्म जडान भएको पौडेलले जानकारी दिए । जिल्लाभर हालसम्म ८५ प्रतिशत घरमा विद्युत्को पहुँच पुगेको भन्दै त्यसमध्ये २९ दशमलव नौ प्रतिशत घरमा मात्र लघुजलविद्युत्को प्रयोग भइरहेको उनको भनाइ छ ।

"बागलुङ वितरण केन्द्रबाट अघिल्लो वर्षदेखि नै पश्चिम बागलुङलाई 'फोकस' गरेर लाइन विस्तार गरिरहेका छौँ, यस वर्ष ढोरपाटन र बडिगाडको केही ठाउँमा बत्ती बाल्यौँ सफल भयौँ, लाइन विस्तार धेरै ठाउँमा भएको छ", प्रमुख पौडेलले भने-"अब जिल्लाका सबै दूरदराजमा केन्द्रीय लाइन पुऱ्याउने काम भइरहेको छ, अझै पनि जिल्लामा करिब ३० प्रतिशतका हाराहारीमा जलविद्युत् नै प्रयोग हुने गरेको छ ।"

केन्द्रीय लाइन विस्तार भएपछि ग्रामीण क्षेत्रका स्थानीय खुसी भएका छन् । केन्द्रीय लाइन जडान गरेपछि लघुजलविद्युत् बिग्रँदा महिनौँसम्म अँध्यारोमा बस्नुपर्ने बाध्यता हटेको बडिगाड गाउँपालिका-९ का कुलबहादुर क्षेत्रीले बताए । केन्द्रीय लाइन जडान भएपछि बर्खाको समयमा धेरैपटक लाइन जाने गरेको उनको भनाइ छ । पछिल्लो एक महिनादेखि दैनिक दुईदेखि पाँच घण्टा लाइन जाने गरेको क्षेत्रीले गुनासो पोखे ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा
सादा डिजाइनका साथै
सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् ।
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रुपन्देही
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com